नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

## आयोजना क्लष्टर इकाई

गोरखा

तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२।१२।२३

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

यस खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, क्लष्टर इकाई, गोरखाको आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसीलमा उल्लेख भएका कार्यक्रम संचालन गर्नका लागि मिति २०८२।०५।२६ मा दोस्रो पटक सूचना प्रकाशन गरिएकोमा रित पुगेको निबेदन यथेष्ट रुपमा प्राप्त हुन नआएकोले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र बजार पूर्वाधार सूधार पुनस्थापना तथा ह्याण्डिलङ र प्रशोधन संरचना निर्माण कार्यविधि २०७८ बमोजिम आवश्यक कागजातहरु र कार्यालयबाट उपलब्ध हुने व्यवसाय योजनाको ढाँचामा आवश्यक व्यवसाय योजना बनाई प्रस्ताव पेश गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नहुने ब्यहोरा जानकारी गराइन्छ ।

**आयोजना संचालन भएका जिल्ला र गाउँपालिकाहरु :**

धादिङ जिल्ला : गल्छी गाउँपालिका र सिद्धलेक गाउँपालिका

गोरखा जिल्ला : सहिद लखन गाउँपालिका र आरुघाट गाउँपालिका

**कार्यक्रम विवरणः**

| क.सं | कार्यक्रमको नाम | एकाई | संख्या | बजेट रु | प्रस्ताव पेश गर्न योग्य सरोकारवाला |
|---|---|---|---|---|---|
| १ | ग्रामीण बजार, संकलन केन्द्र तथा हाटबजारहरुको सुधार/पुनर्स्थापनामा सहयोग | संख्या | २ | ३००००००। | क)आयोजना क्षेबका गाउँपालिकामा दर्ता भएका उत्पादक समुहबाट<br>ख)आयोजना क्षेत्रका गाउँपालिकाहरुको लागत साझेदारीमा उपभोक्ता समितिबाट (सम्बन्धित पालिकाको माग वा सिफारिसमा आधारित) |
| २ | Handling and Processing संरचनाहरुको निर्माणमा सहयोग | संख्या | २ | ४००००००। | |

**आर्थिक पक्षः** कार्यालयवाट ब्यहोरिने रकममा उत्पादक समूहहरुको लागत साझेदारीता प्रतिशत आयोजनाको स्वीकृत कार्यविधी वा आयोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भए अनुसार हुनेछ ।

**पेश गर्नु पर्ने कागजातहरुः**

- गाउँपालिकामा समूह दर्ताको प्रमाण-पत्रको प्रतिलिपी (समुहको हकमा)
- स्थायी लेखा नम्बरको प्रतिलिपी तथा समूहको कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपी (समुहको हकमा)
- कार्यालयवाट उपलब्ध भएको आवश्यक ढाँचा अनुसारको ब्यवसाय योजनाको प्रस्ताव

नोटः यस सूचना सम्बन्धी विस्तृत जानकारी तथा प्रस्तावको नमूना कार्यालय समयमा आयोजना क्लष्टर इकाई, गोरखामा र आयोजनाको तर्फवाट सम्बन्धित गाउँपालिका स्थित सम्पर्क केन्द्रमा कार्यरत प्राविधिक तथा आयोजना सहजकर्ताहरुबाट प्राप्त गर्न सकिनेछ । साथै प्रस्तावहरु छनौट भए नभएको जानकारी आयोजना क्लष्टर इकाई गोरखाको सूचना पाटीमा हेर्न सकिने छ र स्वीकृत कार्यविधीहरु website : http://fansep.moald.gov.np/ मा उपलब्ध भएको जानकारीको लागि अनुरोध छ । सम्पर्क नं- सूचना अधिकारीः ९८५६०७०७४४ र कार्यालय प्रमुखः ९८५६०७०७४५, इमेल : fansep.gorkha@gmail.com ।

होमनाथ लम्साल
वरिष्ठ कृषि अधिकृत
(उपसचिव रा.प.द्वि.प्रा)